Surkhet Journal
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
DOI:https://doi. org/10. 3126/surkhetj. v3i1. 84735

भाषा आर्जनका प्राक्कल्पनाहरूको अध्ययन

Received on 2 July,2025 Accepted on 5 August, 2025 Published on September, 2025

वीरेन्द्रकुमार बुढा
उपप्राध्यापक
द्रोणाचल बहुमुखी क्याम्पस दुल्लु, दैलेख
birendrabudha37@gmail.com
Orcid id: ०००९-०००५-२४६०-९७६३

लेखसार

प्रस्तुत लेखमा भाषा आर्जनसम्बन्धी स्टेफेन डी. क्र्यासनद्वारा प्रतिपादित पाँचवटा प्रमुख प्राक्कल्पनाहरू प्राप्ति र आर्जन प्राक्कल्पना, सर्गिक अनुक्रम प्राक्कल्पना, मनिटर प्राक्कल्पना, अनुप्रविष्टि प्राक्कल्पना र प्रभावी फिल्टर प्राक्कल्पनाको अध्ययन गरिएको छ । अनुसन्धानको उद्देश्य भाषा आर्जन प्रक्रियाको सैद्धान्तिक ढाँचा अध्ययन गरी शिक्षण परिवेशमा तिनको व्यवहारिक प्रयोगको विश्लेषण गर्नु हो । यसका लागि गुणात्मक अध्ययन विधि अपनाइएको छ, जसमा द्वितीय भाषा शिक्षणसम्बन्धी विद्यमान साहित्यहरूको विश्लेषण र आलोचनात्मक तुलनाको माध्यमबाट निष्कर्ष निकालिएको छ । अनुसन्धानबाट भाषिक अनुप्रविष्टिको गुणस्तर, शिक्षण वातावरणको प्रकृति, विद्यार्थीको मनोवैज्ञानिक अवस्था तथा व्याकरणिक सचेतता आर्जन प्रक्रियामा महत्त्वपूर्ण कारक भएको निष्कर्ष प्राप्त भएको छ । क्र्यासनका सिद्धान्तहरूले सम्प्रेषणात्मक विधिलाई सशक्त बनाउँदै अर्थपूर्ण अनुप्रविष्टि र निम्न-चिन्ता वातावरणमा केन्द्रित शिक्षण आवश्यक रहेको देखाएका छन् । तर आलोचनात्मक विश्लेषणले भने यी सिद्धान्तहरूमा केही सैद्धान्तिक अस्पष्टता र व्यवहारिक चुनौतीहरू रहेको देखाएको छ। विशेषतः नेपाली शिक्षण सन्दर्भमा यिनको सफल कार्यान्वयनका लागि शिक्षक तालिम, पाठ्यपुस्तक सुधार र शिक्षण रणनीतिहरूको पुनः संरचनाको आवश्यकता देखिएको छ ।

शब्दकुञ्जी : भाषा आर्जन, सर्गिक अनुक्रम, मनिटर, संप्रेषणात्मक शिक्षण, प्रभावी फिल्टर ।

परिचय

भाषा मानव जीवनको अभिन्न अङ्ग हो । यो विचार आदानप्रदान गर्ने साधन मात्र नभई अनुभूति अभिव्यक्त गर्न, ज्ञान हस्तान्तरण गर्न अनि सामाजिक सम्बन्ध स्थापना गर्नको लागि अनिवार्य कुरा हो । यसले जीवनको हर पलमा व्यक्त हुन, कुरा राख्न, कुरा बुझ्न अनि ज्ञानको आदानप्रदान गर्ने काम गर्छ (क्र्यासन, सन् १९८२, पृ. ९) । भाषा आर्जन मानव जीवनको अनिवार्य आवश्यकता हो । भाषा आर्जन जैविक, मानसिक, सामाजिक अनि वातावरणको अन्तरक्रियाबाट हुन्छ । जीवनको सुरुको चरणमा शिशुले कसरी भाषा सिक्न सुरु गर्छ, कुन कारकको भूमिका अधिक हुन्छ अनि यो क्षमता जैविक रूपमै तय गरिएको असन्तुलन हो कि वातावरणको प्रभावमा निर्मित हुन्छ भन्ने कुरा भाषाशास्त्रको क्षेत्रमा चिरन्तन बहसको विषयको रूपमा रहेको छ (चम्स्की, सन् १९६५, पृ. ३०) । भाषा आर्जनको अध्ययन मुख्यतया दुई प्रमुख परिप्रेक्ष्यमा गरिन्छः एक जैविक परिप्रेक्ष्य, जहाँ भाषालाई एक आन्तरिक क्षमता मानिन्छ, अनि अर्को वातावरणवादी परिप्रेक्ष्य, जहाँ बाहिरी वातावरणको भूमिका अधिक हुन्छ (पियाजे, सन् १९७०, पृ. ४२) । भाषा आर्जनको कुरा शताब्दियौँदेखि विज्ञहरूको चासोको विषय रही आएको छ । यो कुरा मुख्यतया दुई प्रश्नमा केन्द्रित हुन्छः भाषा कसरी आर्जित हुन्छ ? र यो आर्जनको प्रक्रियामा जैविक कारक अधिक महत्त्वपूर्ण छन् कि वातावरणको भूमिका बढी छ ? (ब्राउन, सन् २००७, पृ. २८९) । यी दुईमा नोम चम्स्कीका अनुसार जैविक परिप्रेक्ष्य अधिक लोकप्रिय छ, जसअनुसार शिशुलाई जैविक रूपमै व्याकरिक क्षमता प्रदान गरिएको हुन्छ । जसलाई चम्स्की जेनरेटिभ व्याकरण भन्छन् (चम्स्की, सन् १९६५, पृ. ३४) । चम्स्कीका अनुसार शिशुको मस्तिष्कमा पहिलेदेखि नै एक प्रकारको भाषा प्राप्ति संयन्त्र हुन्छ, जसको मद्दतमा ऊ वातावरणमा सुनिएको भाषालाई विश्लेषण गर्न सक्छ । यो क्षमता सार्वभौम व्याकरणमा आधारित हुन्छ, अर्थात् सबै भाषाहरूको संरचना जैविक रूपमै तय गरिएको हुन्छ (कुक र न्युसन, सन् २००७, पृ. ३) । चम्स्कीको विचारको विपरीत जिन पियाजे वातावरणको भूमिका अधिक महत्त्वपूर्ण मान्नछन् । उनका अनुसार शिशुले बाहिरी वातावरणसँगको अन्तरक्रियाबाट भाषा आर्जन गर्छ । अनुभूति, क्रियाकलाप, अन्वेषण अनि असन्तुलनको स्थितिले शिशुलाई नयाँ जानकारी ग्रहण गर्न प्रेरित गर्छ, अनि यो क्रममा उसको मानसिक संरचना अधिक जटिल बन्दै जान्छ (पियाजे, सन् १९७०, पृ. ४४) ।

भाषा आर्जन जैविक कि वातावरणवादी भन्ने बहसमा मध्यस्थ विचार पनि आएका छन् । कार्स्टेन स्टेफेन्स (सन् २००९) ले जैविक क्षमता अनि वातावरणको अन्तरक्रियाले भाषा आर्जन हुन्छ भन्ने प्रस्ताव गर्छन् (स्टेफेन्स, सन् २००९, पृ. ५०) । यो परिप्रेक्ष्य अनुसार शिशुसँग जैविक क्षमता हुन्छ, तर यो क्षमता वातावरणको समर्थनमा मात्र पूर्ण रूपमै विकसित हुन सक्दछ । भाषा आर्जनको क्षेत्रमा क्र्यासनका परिकल्पनाहरू अघि अनेकौँ विचार, विधि, परिप्रेक्ष्य रहेका थिए । व्यवहारवादी परिप्रेक्ष्यमा स्किनरले बाहिरी उत्तेजना अनि प्रतिक्रिया मुख्य कारक हुनुपर्ने कुरा प्रस्ताव गरे (स्किनर, सन् १९५७, पृ. १५) । यस परिप्रेक्ष्य अनुसार, भाषा आर्जन मुख्यतया अनुकरण, पुनरावृत्ति अनि पुरस्कारको फल हो ।

तर चम्स्कीले यो विचारको खण्डन गरी आन्तरिक कारकको भूमिका अधिक महत्त्वपूर्ण भएको कुरा अघि सारे (चम्स्की, सन् १९६५, पृ. ३०) । चम्स्कीका अनुसार, मानवको मस्तिष्कमा जैविक रूपमै भाषा आर्जनको क्षमता हुन्छ । चम्स्कीपछि क्र्यासनको परिकल्पनाले अर्को महत्त्वपूर्ण मोड ल्यायो । क्र्यासनले भाषा आर्जनको कुरा बाहिरी उत्तेजनाभन्दा आन्तरिक मानसिक प्रक्रियासँग अधिक सम्बन्धित हुन्छ भन्ने प्रस्ताव गरे (क्र्यासन, सन् १९८२, पृ. १०) । क्रासेनको परिकल्पनाले दोस्रो भाषा आर्जनको क्षेत्रमा विशेष प्रभाव पार्‍यो ।

भाषा आर्जनको कुरा स्किनरको व्यवहारवादी परिप्रेक्ष्यको प्रभावमा सुरु गरियो । स्किनर (सन् १९५७) ले बाहिरी उत्तेजना, प्रतिक्रिया अनि पुरस्कारको आधारमा भाषा आर्जन हुन्छ भन्ने कुरा राखे । त्यसपछि चम्स्की (१९६५) ले त्यसलाई अस्वीकार गरी उनले भाषामा जैविक क्षमता अस्वाभिक रूपमै हुन्छ भन्ने मान्यता स्थापित गरे । यसपछि क्र्यासनको परिकल्पनाले यो जैविक क्षमता बाहिरी वातावरणको समर्थनमा कसरी क्रियाशील हुन सक्छ भन्ने कुरा अधिक सूक्ष्म ढङ्गमा व्याख्या गर्‍यो । चम्स्कीको जेनेरेटिभ व्याकरणको विचार पछि क्र्यासनको परिकल्पनाले एक असन्तुलन बहसको अन्त गर्‍यो । क्र्यासनका अनुसार जैविक क्षमता हुनुलाई वातावरणको समर्थन असाध्यै आवश्यक हुन्छ । यो समर्थनको मुख्य रूप अर्थपूर्ण इनपुटको निरन्तर सम्पर्क हो ।

जैविक परिप्रेक्ष्यमा मुख्य कुरा शिशुलाई पहिलेदेखि नै व्याकरणिक ढाँचा दिने आन्तरिक कार्यक्रम हुनुलाई मानिन्छ । यसका कारण शिशुले असीमित वाक्य निर्माण गर्न सक्छ, नयाँ कुरा व्यक्त गर्न सक्छ, अनि व्याकरणिक सम्बन्ध पहिचान गर्न सक्छ (चम्स्की, सन् १९६५, पृ. ३९) । यो विचारको समर्थनमा गरिएका अध्ययनमा शिशुले एकै वातावरणमा रहे पनि एकै गति अनि ढाँचामा भाषा आर्जन गर्छ भन्ने कुरा उल्लेख गरिएको छ (ब्राउन र बेलुगी, सन् १९६४, पृ. १४५) । तर वातावरणवादी परिप्रेक्ष्यमा बाहिरी कारकको भूमिका अधिक महत्त्वपूर्ण मानिन्छ । शिशुलाई वयस्कको कुरा सुन्नुपर्ने हुन्छ, अन्तरक्रियामा भाग लिनुपर्ने हुन्छ, अनि प्रतिक्रिया पाउनुपर्ने हुन्छ । यो अनुभूतिप्रद वातावरणको समर्थनमा शिशुको भाषिक क्षमता विस्तार हुन जान्छ (पियाजे, सन् १९७०, पृ. ४७) । केही अनुसन्धानमा क्र्यासनको परिकल्पनाले भाषा आर्जनको कुरा अधिक सूक्ष्म ढङ्गमा व्याख्या गर्न सक्ने क्षमता राखेको कुरा उल्लेख गरिएको छ । लाइटबाउन अनि स्पाडा (सन् २०१३) ले क्र्यासनको परिकल्पनाले शैक्षिक कार्यक्रमको योजना, शिक्षण विधि अनि शिक्षण प्रविधिको चयनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने कुरा जनाएका छन् (लाइटबाउन र स्पाडा, सन् २०१३, पृ. १०९) । ब्राउन (सन् २००७) ले क्रासेनको परिकल्पनाले दोस्रो भाषा आर्जनमा प्रेरणा, आत्मसम्मान अनि तनावजस्ता कारकको भूमिका पहिचान गर्न मद्दत गर्‍यो भनेको कुरा उल्लेख गरेका छन् (ब्राउन, सन् २००७, पृ. २८९) । यसप्रकार चम्स्कीको जैविक क्षमता सम्बन्धी विचार पछि क्रासेनको परिकल्पनाले बाहिरी वातावरणको भूमिका अधिक महत्त्वपूर्ण हुन सक्छ भन्ने कुरा थप्न मद्दत गर्‍यो । यो परिप्रेक्ष्य शैक्षिक कार्यक्रमको योजना, शिक्षण विधि र प्रविधिको व्यवस्था गर्न मार्गदर्शक हुन सक्दछ ।भाषा आर्जनको क्षेत्रमा स्टेफेन क्रासेनले प्रस्ताव

गरेका परिकल्पनाहरू असाध्यै लोकप्रिय, प्रभावशाली अनि मार्गदर्शक मानिन्छन् । उनले सन् १९८२ मा दोस्रो भाषा प्राप्तिको सिद्धान्त र प्रयोग भन्ने पुस्तकमा भाषा आर्जनसम्बन्धी प्राक्कल्पना प्रस्तुत गरेका छन् (पौडेल र धामी, २०७६, पृ. १६७) । क्र्यासनको परिकल्पनाले दोस्रो भाषा आर्जनको क्षेत्रमा नयाँ परिप्रेक्ष्य ल्यायो । यस परिप्रेक्ष्यअनुसार आर्जन मुख्यतया एक अवचेतन मानसिक क्रियाद्वारा हुन्छ, जहाँ व्यक्तिले असजिलो नभएका अनि अर्थपूर्ण इनपुटको निरन्तर सम्पर्कमा हुनुपर्ने हुन्छ (क्र्यासन, सन् १९८५, पृ. २) । क्र्यासनको परिकल्पनाले शिक्षण विधि, शैक्षिक कार्यक्रमको योजना, शिक्षकको भूमिका, प्रेरणा, आत्मविश्वासजस्ता कारकको प्रभावको पहिचान गर्यो । उदाहरणार्थ, फिल्टर परिकल्पनाले प्रेरणा, आत्मसम्मान अनि तनावको भूमिका भाषा आर्जनमा महत्त्वपूर्ण हुन सक्नेतर्फ इङ्गित गर्यो (क्र्यासन, सन् १९८२, पृ. ३०) । यो कुरा शैक्षिक कार्यक्रमको योजना गर्दा विद्यार्थीको मानसिक स्थितिलाई मध्यनजर गर्नुपर्ने कुरा दर्शाउँछ । यस सन्दर्भमा नेपाली भाषामा गरिने भाषा आर्जनको अध्ययन अझै अल्प छ । अधिकतर अध्ययन बाहिरी कारकहरू घरको वातावरण, अभिभावकको भूमिका, शैक्षिक कार्यक्रमको प्रभाव इत्यादिमा केन्द्रित छन् । जैविक कारकको भूमिका परिप्रेक्ष्यमा गरिने अध्ययन असन्तुलित छन् । यो असन्तुलनको कारकमा भाषाशास्त्रमा जैविक परिप्रेक्ष्यको प्रभावको असन्तुलन, नेपाली बालबालिकाको भाषा आर्जनको जानकारीको अभाव, अनि अन्तर्राष्ट्रिय स्तरमा गरिने अध्ययनको तुलनामा नेपाली संदर्भमा गरिने अनुसन्धानको असन्तुलन मुख्य कारक देखिन्छ (गिरी, सन् २०१५, पृ. ९१) । यसै परिप्रेक्ष्यमा यो अनुसन्धानको मुख्य लक्ष्य चम्स्कीको जैविक परिप्रेक्ष्य अनि पियाजेको वातावरणवादी परिप्रेक्ष्यको तुलनात्मक अध्ययन गरी नेपाली बालबालिकाको भाषा आर्जनमा यी दुई कारकको भूमिका पहिचान गर्नु रहेको छ । यो अध्ययनको लागि गुणात्मक विधिको अवलम्बन गरिएको छ ।

भाषा मानव सम्प्रेषणको सर्वाधिक जटिल र बहुआयामिक साधन हो । भाषाको विकास, सिकाइ र प्रयोगसम्बन्धी अध्ययनले मनोविज्ञान, भाषाविज्ञान, समाजशास्त्र, र शिक्षाशास्त्रलाई समेत गहिरो प्रभाव पारेको छ । विशेष गरी दोस्रो भाषा आर्जनको प्रक्रियाले शैक्षिक क्षेत्रभित्र अनेकौं सैद्धान्तिक बहस र प्रयोगात्मक प्रयासहरूलाई जन्म दिएको छ। यिनै प्रयासहरूबिच स्टेफेन डी. क्र्यासनको दोस्रो भाषा प्राप्तिको सिद्धान्त विशेष स्थानमा पर्दछ, जसमा उनले प्रस्ताव गरेका पाँचवटा प्रमुख प्राक्कल्पनाहरूले भाषाको स्वाभाविक आर्जन प्रक्रियालाई नयाँ ढङ्गबाट व्याख्या गर्ने प्रयास गरेका छन् (क्र्यासन, सन् १९८२, पृ. ९) ।

क्र्यासनका अनुसार भाषा आर्जन सिकाइबाट भिन्न प्रक्रिया हो, जसमा इनपुट, मनोवैज्ञानिक अवस्था, तथा संरचनात्मक अनुक्रमको विशेष भूमिका हुन्छ। उनले प्रतिपादन गरेका पाँचवटा सिद्धान्तहरू आर्जन र सिकाइ प्राक्कल्पना (Acquisition–Learning Hypothesis), सर्गिक अनुक्रम प्राक्कल्पना (Natural Order Hypothesis), मनिटर प्राक्कल्पना (Monitor Hypothesis), इनपुट प्राक्कल्पना (Input Hypothesis), र प्रभावी फिल्टर प्राक्कल्पना (Affective Filter Hypothesis) हुन् । यिनले भाषा आर्जनका विविध पक्षहरूको समग्र दृष्टिकोण दिन्छन् (क्र्यासन, सन् १९८५, पृ. १-४) ।

उक्त प्राक्कल्पनाहरूमा बालकले एउटा भाषा सिकिसकेपछि अन्य भाषाहरू कसरी सिक्छ भन्ने अनुमानसँग सम्बन्धित छन् । बालकले एउटा भाषा सिकिसकेपछि दोस्रो भाषा कसरी सिक्छ र कुनकुन आधारलाई स्विकार्छ भन्ने कुरासँग प्राक्कल्पना सम्बन्धित रहेको हुन्छ (भट्टराई, २०७९, पृ. १४९) । यी सिद्धान्तहरूको प्रयोगात्मक प्रभाव विश्वव्यापी रूपमा शैक्षिक नीति, पाठ्यक्रम विकास, र अध्यापन प्रविधिमा देखिएको छ। तर यिनको वैज्ञानिक मान्यताको सन्दर्भमा विभिन्न आलोचनाहरू पनि उठेका छन् (म्याकलघिन, सन् १९८७; इल्स, सन् १९९४) । उदाहरणका लागि, इनपुट मात्र आर्जनको पर्याप्त स्रोत हो कि होइन भन्ने बहस अझै चलिरहेकै छ । त्यस्तै, क्र्यासनद्वारा प्रस्तावित “i+१” अवधारणाको व्यवहारिक मापनप्रति पनि शंका गरिन्छ (स्वाइन, १९८५) ।

नेपालजस्ता बहुभाषिक समाजमा द्वितीय भाषा (प्रायः अङ्ग्रेजी) को शिक्षण अत्यन्त चुनौतीपूर्ण रहेको छ । नेपाली शिक्षण प्रणाली अझै पनि व्याकरण अनुवाद शिक्षण विधिमा आधारित छ, जहाँ सम्प्रेषणात्मक इनपुट र प्रयोगात्मक अभ्यासको कमी प्रस्ट देखिन्छ । यस्तो सन्दर्भमा क्र्यासनका सिद्धान्तहरूको प्रयोगात्मक समीक्षा गर्नु जरुरी छ। यस अनुसन्धानको उद्देश्य क्र्यासनद्वारा प्रतिपादित पाँचवटा भाषा आर्जनका प्राक्कल्पनाहरूको सैद्धान्तिक तथा व्यावहारिक विश्लेषण गर्नु हो । विशेषतः नेपाली कक्षा शिक्षणमा यिनको उपयुक्तता, कार्यान्वयनका चुनौतीहरू र सम्भावित सुधारका उपायहरू अध्ययनको केन्द्रमा रहेका छन् । यस लेखले सर्वप्रथम प्राक्कल्पनाहरूको सैद्धान्तिक समीक्षा गरेको छ र त्यसपछि प्राप्त निष्कर्षका आधारमा नेपाली सन्दर्भमा छलफल गर्दै निष्कर्ष र सिफारिस प्रस्तुत गरेको छ । नेपाल जस्तो बहुभाषी मुलुकमा उक्त सिद्धान्तहरूले नेपाली विमातृभाषीहरूलाई दोस्रो भाषाका रूपमा नेपाली सिक्दा आइपर्ने समस्या समाधानमा उपयोगी बनाउने उद्देश्यले अध्ययनको विषय बनाइएको छ । यसले भाषा शिक्षणसम्बन्धी सैद्धान्तिक बहसमा योगदान दिनुका साथै व्यवहारिक सुधारको दिशामा समेत मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको छ।

अध्ययन विधि

प्रस्तुत अनुसन्धानमा गुणात्मक अनुसन्धान विधिमा आधारित रही भाषा आर्जनसँग सम्बन्धित प्रमुख सैद्धान्तिक दृष्टिकोणहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । गुणात्मक विधिले घटनाहरूको गहन विश्लेषण गर्न, सहभागीको अनुभूति, विचार, अनुभव अनि अन्तरदृष्टिलाई सूक्ष्म ढङ्गमा पहिचान गर्न मद्दत गर्छ (क्रेसवेल र प्लानो क्लर्क, सन् २०११, पृ. ४२) । अध्ययनमा स्टेफन डि. क्र्यासनले प्रस्तुत गरेका पाँचवटा भाषा आर्जन सम्बन्धी प्राक्कल्पनाहरूको विश्लेषण गरिएको छ । भाषा आर्जन र भाषा सिकाइ प्राक्कल्पना, नैसर्गिक अनुक्रम प्राक्कल्पना, मनिटर प्राक्कल्पना, अनुप्रविष्टि प्राक्कल्पना र प्रभावी फिल्टर प्राक्कल्पना क्र्यासनले प्रस्तुत गरेका प्राक्कल्पना हुन् ।

अध्ययनमा दोस्रो भाषा आर्जन गर्दा विद्यार्थीहरूमा लागू हुने सिद्धान्तहरूको विवेचनात्मक समीक्षा गर्न दस्तावेज विश्लेषण (document analysis) विधिको प्रयोग गरिएको छ । अध्ययनका लागि

मूलतः दोस्रो भाषा शिक्षणसँग सम्बन्धित पुस्तकहरू, जर्नल लेखहरू, र क्र्यासनका मौलिक कृति तथा सहायक अध्ययनहरूलाई विश्लेषण गरिएको छ । क्र्यासनको दोस्रो भाषा प्राप्तिको सिद्धान्त र प्रयोग पुस्तक (सन् १९८२), अनुसन्धान लेख, जर्नल, समीक्षा, शैक्षिक नीतिगत दस्तावेज आदि प्रयोग गरिएको छ । प्राक्कल्पनाहरूको तुलनात्मक व्याख्या गरिएको छ । साथै यस अध्ययनमा भाषा शिक्षणको वर्तमान प्रवृत्तिहरू र सिद्धान्तबीचको सम्बन्ध तथा नेपाली सन्दर्भमा तिनको प्रयोगात्मक सम्भावनाको पनि विश्लेषण गरिएको छ । यस अनुसन्धानको प्रमुख सैद्धान्तिक आधार स्टेफन डि. क्र्यासनद्वारा प्रतिपादित भाषा आर्जनको सिद्धान्त हो । क्र्यासनको दृष्टिकोण व्यवहारवाद र संरचनावादबाट टाढा रहेर सम्प्रेषणात्मक भाषिक प्रयोगमा केन्द्रित छ। उनले भाषा सिकाइलाई अवचेतन प्रक्रियाको रूपमा चित्रण गर्दै पाँचवटा मुख्य प्राक्कल्पनाहरूको निर्माण गरेका छन्।

क्र्यासनका भाषा आर्जनका प्राक्कल्पनाहरू

भाषा आर्जन सम्बन्धी क्रासेनको परिकल्पनाहरू पाँच प्रकारमा वर्गीकृत गरिएका छन: भाषा प्राप्ति र आर्जन परिकल्पना, नैसर्गिक अनुक्रम परिकल्पना, अनुप्रविष्टि परिकल्पना, प्रभावी फिल्टर परिकल्पना र मनिटर परिकल्पना (क्र्यासन, सन् १९८२, पृ. १०-३०) ।

भाषा प्राप्ति र आर्जन प्राक्कल्पना

दोस्रो भाषा आर्जनको क्षेत्रमा स्टेफेन क्र्यासन एक प्रभावशाली भाषाशास्त्रीको रूपमा चिनिन्छन् । क्रासेनको मुख्य प्राक्कल्पनाहरूमध्ये भाषा प्राप्ति र आर्जन प्राक्कल्पना सर्वाधिक लोकप्रिय छ । यस प्राक्कल्पनाअनुसार भाषा प्राप्ति र भाषा आर्जन दुई भिन्न मानसिक प्रक्रियाहरू हुन भन्ने देखिन्छ (क्र्यासन, सन् १९८२, पृ. १०) । प्राप्ति अवचेतन हुन्छ, जुन पहिलो भाषा सिकाइका क्रममा हुन्छ । यो अधिकतर अन्तरक्रिया, कुरा सुनेर, पढेर हुन्छ । आर्जन चेतन हुन्छ, जुन व्याकरण सम्बन्धी नियम पढ्ने वा सिक्ने क्रममा हुन्छ । आर्जन अधिक स्थिर अनि दीर्घकालीन हुन्छ (क्र्यासन, सन् १९८५, पृ. २) । यस प्राक्कल्पनाले विद्यार्थीले मातृभाषा जस्तै दोस्रो भाषा पनि आर्जन गर्न सक्छ भन्ने कुरा दर्साउँछ । वयस्कमा मुख्य रूपमै प्राप्ति र आर्जन दुई विधि क्रियाशील हुन्छन् । क्र्यासनको यो प्राक्कल्पनाले भाषा शिक्षणको विधि, कार्यक्रमको योजना अनि शैक्षिक वातावरणको सिर्जनामा महत्त्वपूर्ण प्रभाव पारेको छ ।

क्र्यासनका अनुसार प्राप्ति भनेको एक अवचेतन, प्राकृतिक अनि अर्थपूर्ण आदानप्रदानको प्रक्रियाद्वारा भाषा आत्मसात गरिने विधि हो । यस विधिमा विद्यार्थीहरू व्याकरणको नियमतिर भन्दा पनि सन्देशको अर्थ ग्रहण गर्नमा बढी केन्द्रित हुन्छन् (क्र्यासन, सन् १९८२, पृ. १०) । आर्जन भनेको एक चेतन प्रयासको फल हो । यस विधिमा विद्यार्थी व्याकरणको नियम, वाक्य संरचना अनि भाषाका अन्य पक्षको बारेमा जानीजानी पढ्न, सिक्न प्रयास गर्छ । उदाहरणार्थ, स्कुलमा गरिने व्याकरणको पढाइ, आदेशात्मक क्रियाहरूको तालिकाहरू घोकेर याद गरिने कुरा यसका उदाहरण हुन् (क्र्यासन, सन् १९८२, पृ. १५) । क्र्यासनका अनुसार प्राप्ति मुख्य रूपमा विद्यार्थीले मातृभाषा सिक्दा अपनाउने विधिसँग साधर्म्य राख्दछ ।

यो एक अवचेतन, स्वतः स्वभाविक, अनि अर्थपूर्ण आदानप्रदानमा आधारित हुन्छ । यसमा विद्यार्थीको मुख्य लक्ष्य कुरा बुझेको आदानप्रदानमा हुन्छ, शुद्धता या व्याकरणको शुद्धतामा हुँदैन (क्र्यासन, सन् १९८२, पृ. १०-१५) । आर्जन चाहिँ एक चेतन प्रयासको फल हो । यसमा विद्यार्थी व्याकरणको नियम पढ्न, घोक्न अनि विश्लेषण गर्न प्रयास गर्छ । यो अधिकतर अस्वाभाविक हुन्छ, किनभने यो विधिले भाषालाई जीवन्त ढङ्गमा अनुभूत गर्न सक्दैन (क्र्यासन, सन् १९८२, पृ. १५) । क्र्यासनको परिकल्पनाअनुसार प्राप्ति मुख्य विधि हो । यो विधिले व्यक्तिलाई स्वतः अनि अधिक प्राकृतिक ढङ्गमा भाषा बोल्न सक्षम गराउँछ । उदाहरणार्थ शिशुले आमा, बुबासँग कुरा गर्दा, खेल्दा, अनि वातावरणमा कुरा सुन्दा भाषा प्राप्त गर्छ । यो प्रक्रियामा शिशुलाई व्याकरणको नियम थाहा हुन आवश्यक हुँदैन । ऊ उदाहरणको साहारा लिएर असचेत रूपमै भाषा प्राप्त गरिरहेको हुन्छ (क्र्यासन, सन् १९८२, पृ. १०) । क्र्यासनका अनुसार आर्जन मुख्य विधि हुन सक्दैन, यो मुख्य रूपमै प्राप्त गरिसकेको कुरा बोल्दा या लेख्दा जाँच्न, सुधार्न काम गर्छ । उदाहरणका लागि एक अङ्ग्रेजी सिक्न लागेको विद्यार्थीको कुरा व्याकरणको कुरा सोच्दा अधिक शुद्ध हुन सक्छ, तर यो सुधार मुख्य रूपमै कुरा गर्दा एक पलको लागि रोकिएर व्याकरणको नियमको बारेमा सोच्न सक्दा मात्र हुन्छ (क्र्यासन, सन् १९८२, पृ. १५) । नेपाली भाषा पहिलो भाषा र दोस्रो भाषाका रूपमा सिक्दा पनि क्र्यासनको सिद्धान्त उपयोगी हुने देखिन्छ ।

क्र्यासनको भाषाप्राप्ति र आर्जन प्राक्कल्पनाले शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पारेको छ । शैक्षिक परिप्रेक्ष्यमा शिक्षण अधिकतर अर्थपूर्ण अनुप्रविष्टमा केन्द्रित हुनुपर्ने कुरा यस प्राक्कल्पनाले जनाउँछ । भाषा शिक्षकको भूमिका मुख्य रूपमै विद्यार्थीको भाषा प्राप्तिको लागि अनुकुल वातावरण सिर्जना गराउनु हुनुपर्ने हुन्छ । अधिक रूपमा सुनाइ, बोलाइ, पढाइ, कुरा गराइ र पढाइ जस्ता क्रियाकलाप गराउनुपर्ने हुन्छ । शैक्षिक कार्यक्रमको योजना गर्दा व्याकरणको बढी विश्लेषण भन्दा अर्थपूर्ण आदानप्रदानमा अधिक जोड हुनुपर्ने क्र्यासनको मत छ (क्र्यासन र टेरेल, सन् १९८३, पृ. ६०) । शिक्षकको भूमिका मुख्य रूपमै एक सहजकर्ताको हुनुपर्ने कुरा क्र्यासनको परिकल्पनाले दर्साउँछ । व्याकरणको शुद्धतालाई मुख्य लक्ष्य नठानी अर्थपूर्ण सूचना आदानप्रदानमा अधिक जोड दिने भाषाप्राप्ति विधि नेपाली भाषा सिकाइमा पनि अधिक प्रभावकारी हुने देखिन्छ।

सर्गिक अनुक्रम प्राक्कल्पना

सर्गिक अनुक्रम प्राक्कल्पना भाषा आर्जनका प्रमुख पाँच प्राक्कल्पनामध्ये एक हो, जसलाई अमेरिकी भाषाविद् स्टेफेन क्र्यासनले आफ्नो मनिटर थ्यौरीअन्तर्गत विकास गरेका थिए। यो सिद्धान्तको मूल तत्त्व अनुसार दोस्रो भाषा आर्जन निश्चित र अनुमानयोग्य अनुक्रमअनुसार अगाडि बढ्छ, जुन क्रम सबै व्यक्तिहरूमा भिन्न भिन्न शिक्षण विधि वा पृष्ठभूमि भए पनि प्रायः समान हुन्छ (क्र्यासन, सन् १९८२, पृ. १२) । सर्गिक अनुक्रम प्राक्कल्पनाको सम्बन्ध उत्पादक भाषाविज्ञान र मनोभाषाविज्ञानसँग रहेको देखिन्छ । सन् १९७० को दशकमा डुले र बर्टको बालबालिकाको दोस्रो भाषा सिकाइमा गरिएको

अनुसन्धानले बालबालिकाहरूले व्याकरणिक रूपहरू निश्चित क्रममा आर्जन गर्छन् भन्ने देखाएको छ (डुले र बर्ट, सन् १९७४, पृ. ३७) । यस अध्ययनले क्र्यासनलाई सर्गिक अनुक्रमको अवधारणा विकास गर्न प्रेरित गऱ्यो ।

सर्गिक अनुक्रम प्राक्कल्पनाले व्याकरणिक संरचनाहरू जस्तै बहुवचन “-क”, सङ्कुचन, प्रश्न निर्माण, इत्यादिको आर्जन निश्चित तरिकाले अगाडि बढ्ने कुरा बताउँछ । जस्तै अङ्ग्रेजी भाषा सिक्ने बालबालिकाले पहिला go, come जस्ता क्रियापद आर्जन गर्छन् त्यसपछि मात्र is going, has gone जस्ता क्रियाका रूपहरू सिक्छन् (क्र्यासन, सन् १९८५, पृ. २) । यद्यपि सबै भाषिक संरचनाहरू एकै रूपमा सिकिँदैनन्, तर सिकाइको क्रम प्रायः समान रहन्छ । यस क्रममा तृतीय पुरुष “-क” जस्ता नियमहरू अन्त्यमा मात्र सिकिन्छन्।

डुले र बर्ट (सन् १९७४) ले गरेको अध्ययनले स्पेनीभाषी बालबालिकाले अङ्ग्रेजी व्याकरण लगभग समान अनुक्रममा आर्जन गरेको देखाएको छ । यसै गरी बेली, म्याडेन र क्र्यासन (सन् १९७४) ले पनि प्रौढ विद्यार्थीहरूमा सिकाइको समान अनुक्रम पहिचान गरेका थिए, जसले सर्गिक अनुक्रम उमेर वा शिक्षण पद्धतिभन्दा स्वतन्त्र हुन्छ भन्ने मान्यतालाई बल प्रदान गऱ्यो (पृ. २३४) । सर्गिक अनुक्रम प्राक्कल्पनाअनुसार शिक्षकले व्याकरण पढाउने क्रममा कुनै विषयवस्तु “सजिलो” भएको कारण पहिला सिकाइन्छ भन्ने मान्यता त्यति उपयुक्त मानिँदैन । बरु सिकाइको क्रममा विद्यार्थीको स्वाभाविक आर्जनको क्रमलाई ध्यानमा राखेर सिकाइ प्रक्रिया अघि बढाउनु उपयुक्त हुन्छ भन्ने मान्यता देखिन्छ (क्र्यासन, सन् १९८२, पृ. १५) । यसले शैक्षिक पाठ्यक्रम विकासमा विद्यार्थीहरूको आन्तरिक भाषा विकासक्रमलाई ध्यान दिनुपर्ने सुझाव दिन्छ । व्याकरण शिक्षणलाई नियन्त्रणभन्दा बढी इनपुटमा आधारित बनाउनुपर्ने सन्देश दिन्छ ।

सर्गिक अनुक्रम प्राक्कल्पनाको बारेमा केही भाषाविद्हरूले यसको सर्वव्यापकता माथि प्रश्न उठाएका छन् । म्याकलघिन (सन् १९८७) ले व्याकरणको सिकाइ अनुक्रम वातावरण, प्रेरणा, शैक्षिक विधि र मातृभाषाको प्रभावले बदलिन सक्छ भन्ने तर्क राखेका छन् (पृ. ५७) । त्यस्तै इलिस (सन् १९९४) ले क्र्यासनको परिकल्पनाको ‘अप्रमाणिक’ चरित्रप्रति आलोचना गर्दै यसले आर्जनको प्रक्रिया व्याख्या गर्न मात्र सक्षम भएको तर सिकाइ प्रभावकारिता सुधार्न स्पष्ट कार्यनीति नदिएको बताएका छन् (पृ. ४७) ।

सर्गिक अनुक्रम प्राक्कल्पना दोस्रो भाषा आर्जन प्रक्रियाको प्राकृतिकता र स्वतःस्फूर्ततालाई केन्द्रमा राख्ने सैद्धान्तिक धारणा हो। यो सिद्धान्तले सिकाइ क्रमलाई निश्चित ठान्दछ र सिकाइ प्रक्रियामा शिक्षकले आफ्नो विधि त्यसअनुसार अनुकूलन गर्नुपर्ने सन्देश दिन्छ । यद्यपि यसको आलोचना पनि छ, यो सिद्धान्त अझै पनि दोस्रो भाषा सिकाइमा महत्त्वपूर्ण मार्गदर्शक मानिन्छ । नेपाली भाषालाई दोस्रो भाषा रूपमा सिक्दा विमातृभाषीले यही अनुक्रमअनुसार सिक्छन् भन्ने मान्यता राखी सिकाइ प्रक्रिया अगाडि बढाउन सकिने देखिन्छ ।

अनुप्रविष्टि परिकल्पना

दोस्रो भाषा आर्जनको सन्दर्भमा स्टेफेन क्र्यासनद्वारा प्रतिपादित पाँचवटा मुख्य प्राक्कल्पनाहरूमध्ये अनुप्रविष्टि परिकल्पना सर्वाधिक चर्चित र प्रभावशाली परिकल्पनाहरूमा पर्छ । यो परिकल्पनाले भाषा आर्जनको मूल प्रक्रिया इनपुट अर्थात् बुझिने भाषिक सन्देशद्वारा हुने तर्क प्रस्तुत गर्छ। क्र्यासनका अनुसार व्यक्ति जसले कुनै नयाँ भाषा आर्जन गर्न चाहन्छ, उसले आफूले पहिले नै बुझेको स्तरभन्दा थोरै माथिको स्तरको बुझ्न योग्य इनपुट (ष+१) पाउनुपर्छ भन्ने देखिन्छ (क्र्यासन, सन् १९८२, पृ. २१) । यसबाट शिक्षार्थीको भाषा सिकाइको स्तर वृद्धि गर्न सकिने देखिन्छ ।

परिकल्पनाको मूल तत्व

क्र्यासनको अनुप्रविष्टि प्राक्कल्पनाअनुसार भाषा आर्जन“आउटपुट“ वा अभ्यासबाट नभई “इनपुट” को परिणाम हो भन्ने देखिन्छ। इनपुट बुझ्न योग्य हुनुपर्छ। प्रभावकारी इनपुट “i+१” स्तरको हुनुपर्छ। यहाँ “i” सिक्ने व्यक्तिको हालको भाषिक स्तर हो, र “+१” त्यस्तो स्तर हो जुन अलिकति चुनौतीपूर्ण तर बुझ्न सकिने हो । क्र्यासनका अनुसार व्यक्तिलाई प्राकृतिक, अर्थपूर्ण र सन्दर्भमा आधारित बुझ्न सकिने इनपुटको सन्तुलित मात्रा उपलब्ध गराइयो भने उसले भाषा स्वतःस्फूर्त तरिकाले आर्जन गर्न सक्छ (क्र्यासन, सन् १९८५, पृ. २) । उदाहरणका लागि एक नेपाली विद्यार्थीले अङ्ग्रेजी भाषा सिक्दै छ । यदि ऊ “I go to school” जस्ता वाक्यहरू सहजै बुझ्न सक्छ भने, उसलाई “He goes to school every morning” भन्ने वाक्य जहाँ “goes” जस्ता नयाँ र जटिल संरचना हुन्छ त्यस्ता वाक्य सुनाउँदा वा देखाउँदा उसले नयाँ संरचनाको आर्जन सहजै गर्न सक्छ। यसैलाई क्र्यासनले “i+१” स्थिति भनेका छन् । यसमा भाषा बिस्तारै सिकिन्छ र इनपुट निरन्तर रूपमा बुझ्न योग्य तथा अझ सशक्त हुँदै जानुपर्छ।

क्र्यासन (सन् १९८२) ले विभिन्न अध्ययनहरूको विश्लेषण गर्दै इनपुट नै भाषा आर्जनको आधार हो भन्ने निष्कर्ष निकालेका छन् । उनले स्पष्ट रूपमा भनेका छन्ः सन्देश बुझेर वा बुझ्न सकिने इनपुट प्राप्त गरेर एउटै मात्र तरिकाबाट हामी भाषा आर्जन गर्न सक्छौँ (क्र्यासन, सन् १९८२, पृ. २१) । एलिस (सन् १९९४) ले पनि बोधगम्य अनुप्रविष्टिको महत्त्वलाई स्वीकार गर्दै यसले सिकाइलाई सशक्त बनाउन ठूलो भूमिका खेल्ने बताएका छन्। तर सिकाइमा उनले इनपुट मात्र पर्याप्त नभई अन्तरक्रियात्मक गतिविधिहरू पनि आवश्यक पर्ने बताएका छन् (एलिस, सन् १९९४, पृ. २८१)। त्यसै गरी स्वाइन (सन् १९८५) ले भने इनपुट मात्र पर्याप्त नभएको भन्दै “आउटपुट प्राक्कल्पना” लाई अघि सारेकी छन्। उनका अनुसार सिक्ने व्यक्तिले भाषा प्रयोग गर्दा मात्र पूर्णताका साथ संरचनाहरू सिक्न सक्छ (स्वाइन, सन् १९८५, पृ. २४९) ।

अनुप्रविष्टि प्राक्कल्पनाअनुसार शिक्षकले बिस्तारै, स्पष्ट रूपमा र दृश्य सन्दर्भसहित बोल्ने; वास्तविक सामग्री प्रयोग गर्ने; भिडियो, कथा, संवादबाट अनुप्रविष्टि सरल र आकर्षक बनाउने; पूर्वज्ञानमा

आधारित सामग्री प्रयोग गर्ने जस्ता व्यावहारिक रणनीतिहरू कक्षाकोठामा उपयोग गर्न सकिने हुन्छ। क्र्यासन (सन् १९८५) राम्रो भाषा शिक्षणमा विद्यार्थीहरूलाई कम चिन्ताजनक परिस्थितिमा बुझ्न सकिने सामग्री प्रदान गर्नुपर्छ, जसमा विद्यार्थीहरूले सुन्न चाहेका सन्देशहरू समावेश हुन्छन् (पृ. ४)। अर्थात् शिक्षकको कार्य मुख्यतया उपयुक्त अनुप्रविष्टि दिनेमा केन्द्रित हुनुपर्छ र डर वा मूल्याङ्कनको डर कम गर्ने वातावरण निर्माण गर्नुपर्छ। अनुप्रविष्टि प्राक्कल्पनाले महत्त्वपूर्ण सैद्धान्तिक योगदान दिए तापनि यसप्रति केही आलोचनाहरू पनि छन् : जस्तैः मापन कठिनताः "i+१" को निर्धारण गर्न कठिन हुन्छ किनकि प्रत्येक सिक्ने व्यक्तिको स्तर फरक हुन्छ। इनपुट मात्र पर्याप्त नहुनेः स्वाइन (सन् १९८५) ले "आउटपुट" (भाषा प्रयोग) पनि भाषा आर्जनमा महत्त्वपूर्ण हुन्छ भनेकी छन्। पृष्ठपोषणको अभावः इनपुट परिकल्पनाले सुधारात्मक पृष्ठपोषणको भूमिका स्पष्ट पार्दैन। लाइटबाउन र स्पाडा (सन् २००६) का अनुसार, सिकारुले भाषा उत्पादन गर्न र पृष्ठपोषण प्राप्त गर्न अवसरबाट फाइदा लिन्छन् जब बोधगम्य इनपुट आवश्यक हुन्छ (पृ. १७१)।

अनुप्रविष्टि प्राक्कल्पना दोस्रो भाषा आर्जन सम्बन्धी क्रान्तिकारी अवधारणा हो। यसले विशेष गरी बोधगम्य अनुप्रविष्टिलाई भाषा सिकाइको मुख्य स्रोत ठानेको छ। शैक्षिक दृष्टिकोणले हेर्दा यो प्राक्कल्पना कक्षाकोठामा शिक्षण पद्धति, सामग्री छनोट, र विद्यार्थीको सन्दर्भ अनुकूल भाषा विकासको दिशामा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यसले भाषा सिकाइको प्रक्रियालाई सहज, प्राकृतिक र अन्तरक्रियात्मक बनाउने बलियो आधार तयार पार्दछ।

मनिटर प्राक्कल्पना

मनिटर प्राक्कल्पना स्टेफेन क्र्यासनको दोस्रो भाषा प्राप्ति सिद्धान्तअन्तर्गतको दोस्रो प्रमुख सिद्धान्त हो। यस परिकल्पनाले दोस्रो भाषा आर्जन र भाषा सिकाइ बिचको अन्तरलाई स्पष्ट पार्दै सिकेको भाषाको प्रयोग कसरी 'सम्पादनकर्ता' (मनिटर) को रूपमा कार्य गर्छ भन्ने विषयमा प्रकाश पार्दछ। यसका अनुसार मानिसले स्वतःस्फूर्त रूपमा भाषा आर्जन गर्छ, तर सिकेको भाषाज्ञान मुख्यतः सोधिने समयमा, सचेत रूपमा, नियमहरू थाहा हुँदा मात्र सम्पादन, सुधार वा संशोधन (मनिटरिङ) गर्न मात्र प्रयोग हुन्छ (क्र्यासन, सन् १९८२, पृ. १५)। मनिटर प्राक्कल्पनाले समय, ध्यान र नियमको ज्ञान गरी तीनवटा सर्तहरू प्रस्तुत गर्छ, जसबाट सिकेको भाषाज्ञानको प्रयोग सम्भव हुन्छ। बोल्नु वा लेख्नुअघि सोच्न पर्याप्त समय हुनुपर्छ; प्रयोगकर्ता भाषिक रूप/सहिष्णुतामा ध्यान दिन सक्षम हुनुपर्छ र प्रयोगकर्ताले आवश्यक व्याकरण नियम थाहा पाएको हुनुपर्छ। यी तीन सर्तहरू पूरा भए मात्र सिकिएको व्याकरणले 'मनिटर' को रूपमा काम गर्छ अर्थात् स्वतः बोलिएको भाषामा सुधार गर्न प्रयोग हुन्छ। मनिटरले सम्पादक वा व्याकरण जाँचकर्ताको रूपमा काम गरी वक्ताले भन्न खोजेको वा भनेको कुरामा परिवर्तन गर्छ (क्र्यासन, सन् १९८२, पृ. १६)। जस्तैः कुनै विद्यार्थीले अङ्ग्रेजी बोल्दा "He go to school every day." भन्छ। तर उसले बोलिसकेपछि आफूले 'go' को ठाउँमा 'goes' हुनुपर्ने हो भन्ने थाहा पाउँछ र उसले मनिटर प्रयोग गरी गल्ती सच्याउन सक्छ "Oh, I mean, he goes to school" यस्तो सुधार गर्न समय, ध्यान, र नियम ज्ञान तीनै आवश्यक हुन्छन्।

क्र्यासन (सन् १९८२) ले तीनवटा मनिटर प्रयोगकर्ताको प्रकार वर्गीकृत गरेका छन् : बढी मनिटर प्रयोगकर्ताहरू, अति न्यून मनिटर प्रयोगकर्ताहरू र ऐच्छिक मनिटर प्रयोगकर्ताहरू । बढी मनिटर प्रयोगकर्ताहरू हरेक कुरामा व्याकरणको ध्यान दिँदै बढी मनिटर प्रयोग गर्ने गर्दछन् । जसको कहिलेकाही बोलाइ अवरुद्ध हुनसक्छ । अति न्यून मनिटर प्रयोगकर्ताहरू व्याकरण ज्ञान हुँदाहुँदै पनि भाषा सिकाइमा प्रयोग नगर्ने हुन्छन् भने ऐच्छिक मनिटर प्रयोगकर्ताहरू उपयुक्त बेला मात्रै मनिटर प्रयोग गर्ने गर्दछन् । जस्तै उनीहरू लेखाइ, सम्पादन, वा औपचारिक संवादमा मात्र व्याकरणिक ज्ञानको प्रयोग गर्ने गर्दछन् । अर्थात् अनौपचारिक, सहज बोलचालमा मानिसले प्रायः प्राप्त गरिएको भाषाज्ञान प्रयोग गर्छन्, आर्जन गरिएको व्याकरण केवल आवश्यक परेको बेला मात्र उपयोग हुन्छ । टेरेल (सन् १९७७) का अनुसार औपचारिक सिकाइले सञ्चार क्षमतामा प्रमुख भूमिका नभई सघाउ मात्र पुऱ्याउँछ। स्वाइन (सन् १९८५) ले भने मनिटरको सैद्धान्तिक कमजोरी औंल्याउँदै सम्पादन र पृष्ठपोषणको भूमिका पनि भाषा आर्जनमा उत्तिकै महत्त्वपूर्ण भएको तर्क दिएकी छन् ।

शिक्षणमा मनिटर प्राक्कल्नाको प्रयोग गर्दा शिक्षकले विद्यार्थीको भाषा प्रयोगको प्रवाहमा हस्तक्षेप नगरी पृष्ठपोषण मात्र दिने; लेखन वा व्याकरणकेन्द्रित कार्यमा नियम सिकाउन मनिटर प्रयोग गराउने र विद्यार्थीलाई संवाद अवरुद्ध गर्न सक्ने भएकाले मनिटर बढी प्रयोग नगर्नु उचित देखिन्छ। शुद्धताबारे अति चिन्ता गर्न थाल्यो भने भाषा प्रयोगको प्रवाह र स्वाभाविकतामा नकारात्मक प्रभाव पर्नसक्छ (क्रयासन, सन् १९८५, पृ. ३) । मनिटर प्राक्कल्पनाले आर्जन र सिकाइबिचको स्पष्ट भिन्नता प्रमाणित गर्न सक्दैन किनकि व्यवहारमा ती अक्सर मिसिएको देखिन्छन् (म्याकलघिन, सन् १९८७, पृ. ५४) । बोल्दा समय कम भएको बेला वा धेरै सङ्क्षिप्त संवादमा मनिटर प्रयोग असम्भव हुन्छ । साथै मनिटर प्रयोगको मात्रा कसरी मापन गर्ने भन्ने स्पष्ट देखिँदैन । यो व्यक्ति व्यक्तिअनुसार फरक देखिन्छ । एलिस (सन् १९९४) ले प्राप्ति र आर्जित र ज्ञानबिचको भिन्नता र प्रयोगात्मक अनुसन्धानमा क्रियाशील बनाउन कठिन देखिन्छ भनेका छन् (पृ. १०८) ।

मनिटर प्राक्कल्पना क्र्यासनको सिद्धान्तको एक महत्त्वपूर्ण खम्बा हो, जसले भाषा सिकाइ र प्रयोगबीचको अन्तरलाई बुझ्न सघाउँछ। यसले भाषिक आत्म-संशोधनको प्रक्रिया स्पष्ट पार्छ र सिकिएको व्याकरणले संवाद सुधार्ने भूमिका खेल्ने तर्क दिन्छ । शिक्षक र विद्यार्थी दुवैले यो बुझ्नु आवश्यक छ कि अत्यधिक व्याकरण सुधारको प्रयासले भाषा प्रयोगको धाराप्रवाहतामा बाधा पुऱ्याउन सक्छ। अतः मनिटरको सन्तुलित प्रयोग, विशेष गरी लेखन वा औपचारिक प्रसङ्गमा, उपयुक्त हुन्छ । भाषा सिकाइमा यसको सन्तुलित ढङ्गले प्रयोग गर्नु आवश्यक हुन्छ ।

प्रभावी फिल्टर प्राक्कल्पना

स्टेफेन क्र्यासन (सन् १९८२) को दोस्रो भाषा आर्जनसम्बन्धी सिद्धान्तमा प्रभावी फिल्टर प्राक्कल्पना पाँचौं प्रमुख अवधारणा हो । यस प्राक्कल्पनाले कसरी भावनात्मक अवस्थाहरू प्रेरणा, आत्मविश्वास,

चिन्ता आदिले भाषा सिकाइको प्रभावकारिता निर्धारण गर्छ भन्ने कुरालाई सैद्धान्तिक रूपमा देखाउँछ। क्र्यासनका अनुसार सिक्ने व्यक्तिको प्रभावी फिल्टर उच्च छ भने, भाषा इनपुट मस्तिष्कमा सम्पूर्ण रूपमा प्रशोधन हुँदैन, जसले भाषा आर्जनलाई रोक्दछ (क्र्यासन, सन् १९८२, पृ. ३१)। प्रभावी फिल्टर प्राक्कल्पनाले भाषा आर्जनको लागि केवल इनपुट प्राप्त गर्नु पर्याप्त छैन, इनपुटले मस्तिष्कमा प्रवेश गर्न संवेगात्मक वातावरणले अनुमति दिनुपर्छ भन्ने कुरा सङ्केत गर्दछ। यसमा उत्प्रेरणा, आत्मविश्वास र चिन्ता वा डर जस्ता भावनात्मक कारकहरूले विशेष भूमिका खेल्छन्। उत्प्रेरणाले भाषा सिक्न प्रोत्साहन गर्दछ। उत्प्रेरणा यान्त्रिक र एकीकृत गरी दुई प्रकारको देखिन्छ। पैसा वा रोजगारीका लागि भाषा सिक्नु यान्त्रिक उत्प्रेरणा हो भने समाज र संस्कृतिमा घुलमिल हुन भाषा सिकिन्छ भने त्यो एकीकृत उत्प्रेरणा हो। त्यसैगरी सिक्ने व्यक्तिको आत्मविश्वास उच्च छ र उसमा भाषा सिक्ने प्रबल इच्छा छ भने फिल्टर कम हुन्छ, जसले बुझिने इनपुटलाई मस्तिष्कमा सजिलै प्रवेश गर्न दिन्छ तर चिन्ता वा डर अधिक छ भने, फिल्टर उच्च भएर इनपुटलाई रोक्दछ। प्रभावी चरहरूले भाषा प्राप्तिमा प्रत्यक्ष रूपमा प्रभाव पार्दैनन् तर तिनीहरूले बुझ्न सकिने इनपुटलाई भाषा प्राप्ति संयन्त्रमा पुग्न सहज बनाउ वा अवरोध गर्ने कार्य गर्छन् (क्र्यासन, सन् १९८५, पृ. ३)।

कुनै विमातृभाषी विद्यार्थी नेपाली सिक्दै छ भने उसको भाषा आर्जन सफल हुन त्यतिबेलामा सम्भव हुन्छ, जब उसले शिक्षकको बोली सहजै, डरविनाको अवस्थाबाट सुन्न र बुझ्न सक्छ। तर शिक्षक कडा छन्, विद्यार्थी आत्मविश्वासहीन छन् वा अरू विद्यार्थीहरू अगाडि बोल्न डराउँछन् भने प्रभावी फिल्टर उच्च हुन्छ र सिकाइ प्रभावहीन हुन्छ। प्रभावी फिल्टर प्राक्कल्पनाबाट कक्षाकोठाको वातावरण सुधार गर्न शिक्षकहरूले सकारात्मक, सहयोगी वातावरण निर्माण गर्नुपर्दछ। त्यसैगरी विद्यार्थीको आत्मविश्वास अभिवृद्धि गर्न सहयोग गर्ने र मूल्याङ्कन दबाब दिने विधिहरूको प्रयोग कम गर्ने गर्नुपर्छ। साथै खुला संवाद र अन्तरक्रियात्मक गतिविधिहरू प्रोत्साहन गर्ने र सम्भावित त्रुटिलाई सजिलै स्वीकार गर्ने संस्कार विकास गर्नुपर्छ। कम चिन्ता र बढी उत्प्रेरणाले दोस्रो भाषा आर्जनमा उत्कृष्ट अवस्थाको सिर्जना गर्छ (क्र्यासन, सन् १९८२, पृ. ३२)।

डुले र बर्ट (सन् १९७७) ले बालबालिकामा प्रभावी फिल्टर न्यून भएउनीहरूको भाषा आर्जन तीव्र हुने बताए। म्याक्लेन्टाइर र गार्डनर (सन् १९९१) ले भाषिक चिन्ताले भाषा प्रशोधन क्षमतामा बाधा पुऱ्याउने स्पष्ट प्रमाण प्रस्तुत गरे। योङ (सन् १९९१) ले विद्यार्थीहरूले कक्षाकोठामा बोलाइ चिन्ताको अनुभव गर्दा उनीहरूको भाषिक प्रवाह र शुद्धता दुवै घट्दछ भने। यसबाट प्रभावी चरहरूले इनपुटको प्रशोधनलाई अवरुद्ध गर्छन् भन्ने कुरा पुष्टि हुन्छ। तापनि प्रभावी फिल्टर परिकल्पनाले मनोवैज्ञानिक कारकहरूको भूमिका उजागर गर्छ। यसमा अवधारणात्मक अस्पष्टता छ किनकि प्रभावी फिल्टरलाई मापन गर्ने सटिक उपकरणको अभाव देखिएको छ। साथै यसमा प्रायोगिक परीक्षणको कठिनाइ रहेको छ किनकि यो मानसिक अवस्था जटिल र व्यक्तिपिच्छे फरक हुन्छ। यसले अनुप्रविष्टिको मात्रामा धेरै जोड दिएको देखिन्छ तर अन्य दृष्टिकोणले भाषा सम्प्रेषण, शुद्धताको पृष्ठपोषण, अन्तर्क्रिया आदिलाई

पनि महत्त्व दिन्छन् (स्वाइन, सन् १९८५; एलिस, १९९४) । प्रभावी फिल्टरले केही निश्चित व्यक्तिगत भिन्नताहरू व्याख्या गर्न सक्छ तर यसलाई परीक्षण गर्न र क्रियाशील रूपमा परिभाषित गर्न कठिन देखिन्छ (एलिस, सन् १९९४, पृ. ३९६) । आजका सञ्चारमा आधारित भाषा शिक्षण, कार्यमा आधारित शिक्षण, र सिकारु केन्द्रित दृष्टिकोणले प्रभावी फिल्टर घटाउने रणनीतिहरूलाई प्राथमिकता दिन्छन् । कक्षाकोठा व्यवस्थापनमा प्रेरणा, स्वायत्तता, र आत्मविश्वासलाई बढावा दिनु भाषा शिक्षणमा आवश्यक भएको छ। विशेषतः बहुभाषिक, बहुसांस्कृतिक कक्षाकोठाहरूमा शिक्षकको संवेदनशीलता अत्यावश्यक छ।

प्रभावी फिल्टर प्राक्कल्पनाले भाषा आर्जनको प्रक्रियामा भावनात्मक पक्षको भूमिका स्पष्ट रूपमा देखाउँछ। यसले शैक्षिक दृष्टिकोणबाट विद्यार्थीको आन्तरिक अवस्था जस्तै आत्मबल, प्रेरणा र चिन्तालाई भाषा सिकाइमा निर्णायक कारक मान्दछ। यो प्राक्कल्पना शिक्षण पद्धति सुधार, कक्षा वातावरण निर्माण र भाषा शिक्षाको भावनात्मक पक्ष बुझ्न महत्त्वपूर्ण उपकरण बन्न पुगेको छ ।

प्राप्ति र छलफल

स्टेफेन डी. क्र्यासनले प्रतिपादन गरेका पाँचवटा भाषा आर्जनका प्राक्कल्पनाहरू दोस्रो भाषा आर्जनसम्बन्धी अध्ययनका लागि अत्यन्त प्रभावशाली मानिन्छन् । प्रस्तुत अनुसन्धानमा ती प्राक्कल्पनाहरूको तुलनात्मक विश्लेषण, व्यवहारिक सन्दर्भमा तिनको उपयोगिता र नेपाली शिक्षण सन्दर्भमा तिनको प्रयोज्यता सम्बन्धी पक्षहरूको अध्ययन गरिएको छ ।

प्राप्ति र आर्जन प्राक्कल्पनाबाट भाषा प्राप्ति र भाषा आर्जन दुई भिन्न प्रक्रिया हुन् भन्ने देखिन्छ । प्राप्ति एक प्राकृतिक, अवचेतन प्रक्रिया हो भने आर्जन औपचारिक, सचेतन प्रक्रिया हो । क्र्यासन (सन् १९८२) का अनुसार, सम्प्रेषणात्मक वातावरणमा भाषा स्वतःस्फूर्त रूपमा प्राप्त हुन्छ भने व्याकरण र नियमहरू औपचारिक रूपमा आर्जन हुन्छन् । नेपाली विद्यालय शिक्षामा भाषाको सिकाइलाई अझैपनि पाठ्यपुस्तकमा आधारित व्याकरणिक पाठ्यविधिमा केन्द्रित गरिएको पाइन्छ। यसले आर्जनको सम्भावनालाई न्यून बनाउँछ। यदि विद्यार्थीलाई अर्थपूर्ण इनपुट र अन्तरक्रियात्मक वातावरण उपलब्ध गराइयो भने उनीहरू भाषालाई प्राकृतिक रूपमा आत्मसात गर्न सक्छन् (क्र्यासन, सन् १९८२, पृ. १०) । तर म्याकलघिन (सन् १९८७) सिकाइ र आर्जन बिचको विभाजन प्रयोगात्मक रूपमा स्पष्ट छैन भन्दछन् । भाषिक संरचनाहरू निश्चित, पूर्वनिर्धारित अनुक्रममा आर्जन हुने निष्कर्ष नैसर्गिक अनुक्रम प्राक्कल्पनाको मूल प्रतिपादन हो । क्र्यासनले विभिन्न भाषा प्रयोगकर्ताहरूको अध्ययनका आधारमा देखाएका छन् कि कतिपय व्याकरणिक संरचनाहरू जस्तैः बहुवचन प्रत्यय '-क', अपूर्ण प्रत्यय '–ing' आदि पहिले प्राप्ति हुन्छन् र अन्य ढाँचाहरू पछि आर्जन हुन्छन् (क्र्यासन, सन् १९८२, पृ. १२)। यस प्राक्कल्पनाअनुसार नेपालका विद्यालय पाठ्यक्रममा व्याकरणिक संरचनाको प्रस्तुतीकरणमा सुधारको आवश्यकता देखिन्छ। नेपालमा धेरैजसो जटिल व्याकरणिक संरचनाहरू सुरुमा नै पढाइन्छन्, जुन प्राकृतिक अनुक्रमको विपरीत देखिन्छ। तर सबै भाषा र भाषिक परिवेशमा एउटै प्राकृतिक क्रम लागू हुन्छ कि हुँदैन भन्ने विषयमा प्रश्नहरू उठाइएको देखिन्छ (एलिस, सन् १९९४, पृ. ९६) ।

सिकेको भाषाको ज्ञान संवादको प्राथमिक स्रोत होइन; बरु त्यसले मनिटरको रूपमा काम गर्छ । व्यक्तिले भाषा प्रयोग गरिरहँदा सुधार गर्नको लागि मात्र व्याकरण नियम प्रयोग गर्छ । भाषा प्रयोगमा तीनवटा शर्त समय, नियमको ज्ञान र सचेत ध्यान पूर्ण भए मात्र सिकेको व्याकरणले काम गर्छ (क्र्यासन, सन् १९८५, पृ. २) । कक्षा शिक्षणमा अत्यधिक व्याकरण केन्द्रित मूल्याङ्कन प्रणालीले विद्यार्थीलाई बढी मनिटरको प्रयोग गर्ने बनाउँछ, जसले भाषा प्रयोगको प्रवाहमा बाधा पुऱ्याउँछ। यस प्राक्कल्पनाले भाषा प्रयोगको प्रवाह बढाउने वातावरणको माग गर्छ। तर केही भाषाविद्हरूले यसको व्यावहारिक प्रयोगप्रतिको अस्पष्टता र वैयक्तिक भिन्नतालाई नजरअन्दाज गरेको बताएका छन् (स्वाइन, १९८५; एलिस, १९९४) ।

व्यक्ति भाषा तब आर्जन गर्छ जब उसलाई पहिले बुझिसकेको भाषास्तर (i) भन्दा अलिकति माथिल्लो स्तरको बुझ्न मिल्ने अनुप्रविष्टि (i+१) प्राप्त हुन्छ (क्र्यासन, सन् १९८५, पृ. २) । अनुप्रविष्टि प्राक्कल्पनाले अनुप्रविष्टिको महत्त्वलाई केन्द्रमा राख्छ । नेपाली विद्यालयहरूमा दोस्रो भाषाको अध्यापन अझै पनि अनुवादमा आधारित छ, जहाँ विद्यार्थीलाई पर्याप्त मात्रा र गुणस्तरको इनपुट (सुनाइने, पढाइने भाषा) दिइँदैन । सम्प्रेषणात्मक शिक्षण विधिहरूले यस्को समाधान दिन सक्छ । केहीले भाषा सम्प्रेषण वा प्रयोग तथा उचित पृष्ठपोषणको आवश्यकतामा पनि जोड दिएका छन्, जुन अनुप्रविष्टिबाट मात्र पर्याप्त छैन भन्ने धारणा हो।

विद्यार्थीको मनोवैज्ञानिक अवस्था आत्मविश्वास, प्रेरणा वा चिन्ताले भाषा आर्जनमा प्रत्यक्ष प्रभाव पार्दछ । उच्च चिन्ता वा आत्मसम्मानको अभावमा प्रभावी फिल्टर उच्च हुन्छ, जसले अनुप्रविष्टिको प्रशोधन रोक्दछ (क्र्यासन, सन् १९८२, पृ. ३१) । नेपाली कक्षा परिवेशमा विद्यार्थीहरूमाथि मूल्याङ्कनको दबाब, डर र शिक्षकको कडाइ जस्ता कारकले प्रभावी फिल्टर उच्च हुन सक्छ । शिक्षण वातावरण सुसंवादात्मक र प्रेरणादायी बनाउन सकेमा सिकाइ अझ प्रभावकारी हुनसक्छ । तर एलिस (सन् १९९४) ले प्रभावी फिल्टरको अवधारणा वैज्ञानिक रूपमा मापन गर्न कठिन भएको बताएका छन् ।

क्र्यासनका सिद्धान्तहरू विशेषतः संवादात्मक दृष्टिकोण र सिकाइ केन्द्रित शिक्षण विधिमा उपयुक्त छन्। यिनले भाषा सिकाइलाई केवल व्याकरणिक संरचनाको अध्ययन नभई अर्थपूर्ण सम्प्रेषणको अभ्यासमा जोड दिनुपर्छ भन्ने दृष्टिकोण राख्छन् । यी सिद्धान्तहरूले पर्याप्त अनुप्रविष्टिको वातावरण, चिन्ता व्यवस्थापन, र अन्तर्क्रियात्मक सिकाइको आवश्यकता दर्साउँछन् । तर आर्जन र सिकाइ बीचको स्पष्ट सीमा निर्धारण गाह्रो देखिन्छ (म्याकलघिम, सन् १९८७) । 'i+१' को सटीक निर्धारण कसरी गर्ने भन्ने कुरामा अस्पष्टता देखिन्छ र भाषा प्रयोग र उचित पृष्ठपोषणलाई बेवास्ता गरिएको जस्ता केही सैद्धान्तिक र व्यावहारिक कमजोरीहरू पनि पाइन्छन् । नेपाली सन्दर्भमा कक्षा आकार ठूलो, पाठ्यपुस्तक केन्द्रित शिक्षण विधि र पाठ्यक्रम मूल्याङ्कनमुखी सिकाइ भएकाले यस्ता सिद्धान्तहरूको प्रभावकारी प्रयोग चुनौतीपूर्ण हुन सक्छ । यिनको सफल कार्यान्वयनका लागि शिक्षक तालिम, सामग्री विकास, र नीतिगत सुधार आवश्यक देखिन्छ ।

क्र्यासनका भाषा आर्जन सम्बन्धी प्राक्कल्पनाहरूले भाषा शिक्षणलाई मानव-सम्प्रेषण केन्द्रित, स्वाभाविक र विद्यार्थीको भावनात्मक अवस्था प्रतिविम्बित हुने किसिमले परिकल्पना गर्छन् । यिनको प्रयोग व्यावहारिक शिक्षणमा सम्भव भए पनि त्यसका लागि वातावरण, रणनीति र सामग्रीको समुचित व्यवस्थापन अपरिहार्य हुन्छ । नेपाली सन्दर्भमा क्र्यासनका सिद्धान्तहरूलाई सैद्धान्तिक आधार मान्दै तिनको आलोचनात्मक र व्यावहारिक अनुकूलन आवश्यक छ, जसबाट सिकाइ प्रक्रियालाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

निष्कर्ष

स्टेफन डि. क्र्यासनद्वारा प्रतिपादित भाषा आर्जनका पाँचवटा प्रख्यात प्राक्कल्पनाहरूले दोस्रो भाषाको अधिग्रहण प्रक्रियालाई समग्र, व्यवस्थित र व्यवहारिक ढङ्गले बुझ्न महत्त्वपूर्ण ढोका खोलेका छन् । यी प्राक्कल्पनाहरूले भाषिक दक्षता केवल व्याकरण वा शब्दभण्डारको ज्ञानमा आधारित हुँदैन, बरु समग्र मनोवैज्ञानिक, सामाजिक, शैक्षिक र सम्प्रेषणात्मक प्रक्रियासँग गाँसिएको हुन्छ भन्ने सशक्त तर्क प्रस्तुत गर्छन् । नेपालको बहुभाषिक, बहुसांस्कृतिक तथा विविध शैक्षिक सन्दर्भमा क्र्यासनका सिद्धान्तहरू विशेष गरी महत्त्वपूर्ण छन् किनभने यिनीहरूले भाषा सिकाइलाई विद्यार्थीमैत्री, अर्थपूर्ण र प्रयोगमुखी बनाउने आधार प्रदान गर्छन् ।

क्र्यासनको पहिलो प्राक्कल्पना भाषा प्राप्ति र आर्जन प्राक्कल्पनाले भाषा सिकाइका दुई प्रवृत्तिहरू भाषा प्राप्ति र आर्जनबिच स्पष्ट भिन्नता गर्छ । उनका अनुसार भाषा प्राप्ति अवचेतन प्रक्रिया हो, जसमा व्यक्तिले प्राकृतिक रूपमा भाषा सिक्छ । यो वातावरणीय अन्तरक्रिया र सन्दर्भमा आधारित सम्प्रेषणबाट भाषा सिक्ने प्रवृत्ति हो। अर्कोतर्फ, भाषा आर्जन भने सचेत र व्याकरण-आधारित हुन्छ, जसले सम्प्रेषणभन्दा शुद्धतामा बढी जोड दिन्छ । क्र्यासनले प्राप्तिलाई बच्चाहरूले उनीहरूले पहिलो भाषा प्राप्त गर्दा हुने अवचेतन प्रक्रिया हो भनेका छन् । नेपाली भाषा शिक्षण प्रणाली अहिले पनि व्याकरण र पाठ्यपुस्तकमै केन्द्रित हुँदा विद्यार्थीहरू भाषिक प्रयोगमा कमजोर हुने गरेका छन् । यस्तो अवस्थामा क्र्यासनको आर्जनको अवधारणाले कक्षा शिक्षणमा सम्प्रेषणात्मक पद्धति ल्याउन प्रेरित गर्दछ, जसले भाषा प्रयोगको स्वतन्त्रता दिन्छ ।

नैसर्गिक अनुक्रम प्राक्कल्पनाअनुसार भाषा सिक्ने क्रममा व्याकरणिक तत्त्वहरू स्वाभाविक रूपमा निश्चित चरणअनुसार सिकिन्छन् । यो सिकाइको क्रम वयस्कहरूमा पनि बालबालिकाजस्तै समान ढाँचामा देखिन्छ । यस्तो प्राकृतिक ढाँचालाई नबुझी शिक्षक वा पाठ्यक्रमले सिकाइको कृत्रिम क्रम प्रस्तुत गर्दा सिकाइ प्रक्रिया जटिल बन्छ। उदाहरणका लागि, अंग्रेजी सिक्नका लागि ‘ing’ अन्त्य भएका क्रियाहरू बालबालिकाले सुरुमै सिक्छन् भने जटिल वाक्य संरचनाहरू पछि सिक्छन् त्यसैले शिक्षक वा पाठ्यक्रम विकासकर्ताले सामग्री प्रस्तुत गर्दा सिक्ने व्यक्तिको पूर्वस्थितिमा आधारित प्राकृतिक सिकाइ क्रमलाई विचार गर्नुपर्छ । नेपालको पाठ्यक्रममा यस्तो क्रमलाई धेरैजसो बेवास्ता गरिएको पाइन्छ ।

मनिटर प्राक्कल्पनाअनुसार औपचारिक रूपमा सिकिएको व्याकरणीय ज्ञानले व्यक्तिको सम्प्रेषणलाई सम्पादन गर्न सहयोग पुऱ्याउँछ, तर स्वतः स्फूर्त सम्प्रेषण सिर्जना गर्न सक्दैन। यसको अर्थ, भाषा प्रयोग गर्दा पहिले प्राप्ति प्रणाली सक्रिय हुन्छ, सिकिएको ज्ञानले केवल त्यसपछि सुधारको काम गर्छ । यस्तो अवधारणाले सिकाइको सुरुवाती चरणहरूमा त्रुटिहरू स्वाभाविक मान्नुपर्ने र त्यसलाई निरुत्साहित नगर्नुपर्ने सुझाव दिन्छ । तर हाम्रो शिक्षण परम्परामा गल्ती गर्न नहुने मानसिकता विद्यार्थीमा गहिरो हुन्छ, जसले उनीहरूको आत्मविश्वास र सम्प्रेषण क्षमतालाई कमजोर बनाउँछ । क्र्यासनको मनिटर सिद्धान्तले यस्तो अनुशासनात्मक डरको वातावरण हटाएर विद्यार्थीलाई स्वतन्त्रतापूर्वक बोल्न, लेख्न र प्रतिक्रिया दिन उत्प्रेरणा दिन आग्रह गर्छ।

बोधगम्य अनुप्रविष्टि भन्ने तत्त्वमा आधारित अनुप्रविष्टि प्राक्कल्पनामा क्र्यासन भन्छन् हामी भाषा तब आर्जन गर्छौं जब हामीले हाम्रो वर्तमान स्तरभन्दा अलिकति माथिल्लो संरचना भएको भाषा बुझ्छौँ (क्र्यासन, सन् १९८२, पृ. २१) । अर्थात् भाषा सिक्ने प्रक्रिया सतत 'i+१' अवधारणामा आधारित हुन्छ, जहाँ 'i' सिक्ने व्यक्तिको हालको स्तर हो भने '+१' त्यस स्तरभन्दा एक कदम माथिको अनुप्रविष्टि हो । यदि सिकाइ अनुप्रविष्टि बुझ्न सकिने र अर्थपूर्ण हुन्छ भने मात्र आर्जन प्रक्रिया सम्भव हुन्छ । यसले शिक्षक र पाठ्यवस्तु विकासकर्तालाई सिक्ने व्यक्तिको भाषिक स्तर अनुसार उपयुक्त सामग्री छनोट गर्न प्रेरित गर्छ । नेपालको सन्दर्भमा एउटै पाठ्यपुस्तक सबै विद्यार्थीलाई लागू गरिन्छ, जसले कम र अधिक सिप भएका विद्यार्थीहरूलाई असहज बनाउँछ । अनुप्रविष्टि प्राक्कल्पनाले यस्तो एकरूपता अन्त्य गरी फरक-फरक स्तरमा आधारित सिकाइ वातावरण निर्माण गर्न प्रेरणा दिन्छ ।

प्रभावी फिल्टर प्राक्कल्पनामा क्र्यासनले सिक्ने व्यक्तिको प्रेरणा, आत्मविश्वास र चिन्ता स्तरले भाषा आर्जनमा ठूलो प्रभाव पार्ने बताएका छन् । उच्च प्रेरणा, उच्च आत्मविश्वास र न्यून चिन्ताले प्रभावी फिल्टर कम गराउँछ, जसले अनुप्रविष्टलाई सजिलै ग्रहण गर्न सकिन्छ । तर चिन्ता, डर वा आलोचनाको वातावरणले सिकाइमा बाधा पुऱ्याउँछ । नेपालमा भाषा सिकाइको वातावरण अझै पनि शिक्षक-केन्द्रित, अनुशासनमा आधारित र मूल्याङ्कनमुखी भएकाले विद्यार्थीहरूको आत्मविश्वासमा कमी आउने गरेको पाइन्छ । यसले भाषिक सम्प्रेषणको विकासलाई अवरुद्ध गर्छ। क्र्यासनको प्रभावी फिल्टर सिद्धान्तले विद्यार्थीमैत्री, त्रुटि-स्वीकृत, संवादमैत्री वातावरण निर्माण गर्न शिक्षकहरूलाई प्रेरित गर्छ ।

क्र्यासनको सिद्धान्तहरू व्यवहारमैत्री, मनोवैज्ञानिक रूपमा संवेदनशील र वैज्ञानिक रूपमा प्रमाणित छन् । यिनीहरूले भाषा सिकाइको मूल उद्देश्य सम्प्रेषण क्षमता विकास हो भन्ने कुरामा जोड दिन्छन् । नेपाली भाषाशिक्षण प्रक्रिया अझैसम्म परीक्षा-केन्द्रित र व्याकरण-प्रधान भएकाले यहाँ क्र्यासनको दृष्टिकोण लागू गर्नु चुनौतीपूर्ण देखिए पनि आवश्यक छ । उनको प्राक्कल्पना अनुसार भाषा सिकाइ संवादात्मक र सन्दर्भ आधारित हुनुपर्छ। त्रुटिलाई सहज रूपमा लिनुपर्छ, सुधार पछि मात्र गरिनुपर्छ । शिक्षकले अनुप्रविष्टि निर्धारण गर्दा विद्यार्थीको स्तर बुझ्नुपर्छ । विद्यार्थीको मनोवैज्ञानिक

अवस्थालाई सकारात्मक राख्नुपर्छ । भाषा शिक्षणको उद्देश्य सही बोल्ने भन्दा पनि सार्थक सम्प्रेषण गर्ने हुनुपर्छ । अन्ततः क्र्यासनका भाषा आर्जन प्राक्कल्पनाहरूले केवल सैद्धान्तिक योगदान मात्र गरेका छैनन्, व्यावहारिक शिक्षण पद्धतिमा रूपान्तरण ल्याउने सम्भावना पनि दिएका छन् । नेपालको बहुभाषिक र विविध शैक्षिक संरचनामा यस्ता सिद्धान्तहरूको समावेशले भाषा शिक्षणलाई प्रभावकारी, सन्दर्भी र विद्यार्थीकेन्द्रित बनाउने विश्वास गर्न सकिन्छ ।

सन्दर्भ सामग्री

Ellis, R. (1994). *The Study of Second Language Acquisition*. Oxford University Press.

Cook, V., & Newson, M. (2007). *Chomsky's universal grammar: An introduction.* Blackwell. https://www.wiley.com/en-usChomsky's+Universal+Grammar%3A+An+Introduction-p-9780631190403

Cook, V., & Newson, M. (2007). *Chomsky's universal grammar: An introduction.* Blackwell.

https://www.wiley.com/en-us Chomsky's+Universal+Grammar%3A+An+Introduction-p-9780631190403

Creswell, J.W., & Plano Clark, V.L. (2011). *Designing and conducting mixed methods research.* SAGE. https://doi.org/10.4135/9781483341375

Krashen, S. (1982/2009) *Principles and Practice in Second Language Acquisition*. University of Southern.

Krashen, S. D. (1982). *Principles and Practice in Second Language Acquisition*. Pergamon Press. https://www.sdkrashen.com/content/books/principles_and_practice.pdf

Krashen, S. (1985). *The Input Hypothesis: Issues and implications.* Longman. https://doi.org/10.1017/S0272263100000449

Krashen, S., & Terrell, T. (1983). *The natural approach: Language acquisition in the classroom*. Pergamon. p. 60. https://www.sdkrashen.com/content/books/the_natural_approach.pdf

Giri, R. (2015). English in Nepalese education. In H. Igboanusi (Ed.), *Language policy and education in Africa* (pp. 91–104). Springer. https://doi.org/10.1007/978-1-137-46679-4_6

Chomsky, N. (1965). *Aspects of the theory of syntax.* MIT Press. https://doi.org/10.7551/mitpress/9780262530971.001.0001

Terrell, T. D. (1977). A Natural Approach to the Acquisition and Learning of a Language. *Modern Language Journal, 61*(7), 325–337. https://doi.org/10.2307/326435

Dulay, H., & Burt, M. (1974). Natural sequences in child second language acquisition. *Language Learning, 24*(1), 37–53. https://doi.org/10.1111/j.1467-1770. 1974. tb00234.x

Dulay, H., & Burt, M. (1977). Remarks on creativity in language acquisition. In M. Burt, H. Dulay, & M. Finnochiaro (Eds.), *Viewpoints on English as a Second Language* (pp. 95–126). Regents Publishing.

Piaget, J. (1959). *The Language and Thought of the Child*. Routledge

Piaget, J. (1970). *Psychology and pedagogy.* Grossman. https://www.routledge.com/Psychology-and-Pedagogy/Piaget/p/book/9780415489849

पौडेल, माधवप्रसाद र धामी, खगेन्द्रसिंह (२०७६). *सामाजिक र मनोभाषाविज्ञान.* इन्टेलेक्चुअल बुक्स प्यालेस ।

Bailey, N., Madden, C., & Krashen, S. D. (1974). Is there a "natural sequence" in adult second language learning? *Language Learning, 24*(2), 235–243. https://doi.org/10.1111/j.1467-1770.1974.tb00505.x

Brown, H. D. (2007). *Principles of language learning and teaching.* Pearson. https://doi.org/10.1177/0033688219848133

Brown, R., & Bellugi, U. (1964). Three processes in the child's acquisition of syntax. *Harvard Educational Review, 34*(2), 133–151. https://harvardeducationalreview.org/volumes/34/issue/2/

MacIntyre, P. D., & Gardner, R. C. (1991). Language anxiety: Its relationship to other anxieties and to processing in native and second languages. *Language Learning, 41*(1), 85–117. https://doi.org/10.1111/j.1467-1770.1991.tb00691.x

McLaughlin, B. (1987). *Theories of Second Language Learning*. Edward Arnold.

भट्टराई श्यामप्रसाद (२०७९). *सामाजिक तथा मनोभाषाविज्ञान.* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

Young, D. J. (1991). Creating a low-anxiety classroom environment: What does language anxiety research suggest? *The Modern Language Journal, 75*(4), 426–439. https://doi.org/10.1111/j.1540-4781.1991.tb05378.x

Lightbown, P. M., & Spada, N. (2013). *How Languages are Learned* (3rd ed.). Oxford University Press. https://doi.org/10.1093/elt/ccu044

Skinner, B. F. (1957). *Verbal behavior.* Appleton-Century. https://doi.org/10.1037/11419-000

Stephens, C. (2009). Interactionist perspectives on language development. *Journal of Child Language, 36*(1), 47–52. https://doi.org/10.1017/S0305000908009049

Swain, M. (1985). Communicative competence: Some roles of comprehensible input and output in its development. In S. Gass & C. Madden (Eds.), *Input in Second Language Acquisition* (pp. 235–253). Newbury House. https://doi.org/10.1017/S0272263100009965